
# सुर्मा गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## दौलिचौर, बझाङ्गको

मिति : २०८०।०३।१०




Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

**आगामी आर्थिक वर्ष २०८०/०८१ को**

**नीति, कार्यक्रम तथा बजेट**

**सूर्मा गाउँपालिकाका अध्यक्ष महोदय,**

**सम्पूर्ण गाउँसभा सदस्य ज्यूहरु,**
**प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत सम्पूर्ण कर्मचारीहरु, पत्रकार मित्र, सुरक्षाकर्मी तथा उपस्थित अन्य महानुभावहरु ।**

❖ सूर्मा गाउँपालिकाको तर्फबाट यस गरिमामय १३ औं सम्मानित गाउँसभा समक्ष आगामी आर्थिक वर्ष २०८०/०८१ को नीति, तथा कार्यक्रम वजेट प्रस्तुत गर्न पाउँदा म अत्यन्तै गौरवान्वित भएकी छु । यस अवसरमा राजनैतिक परिवर्तनका लागि जीवन अर्पण गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु ।

❖ नेपालको सुदूरपश्चिम प्रदेश अर्न्तगत उच्च हिमाली जिल्ला बझाङ्गमा पर्ने साविकको सूर्मा र दौलीचौर गा.वि.स. मिलि बनेको सूर्मा देवीको नाम बाट नामाकरण यस सूर्मा गाउँपालिकाको पूर्वमा तल्कोट गाउँपालिका, पश्चिममा बुँगल नगरपालिका, उत्तरमा साईपाल गाउँपालिका र दक्षिणमा जयपृथ्वी नगरपालिका र छबिस पाथिभेरा गाउँपालिकाले घेरीएको अत्यन्तै सून्दर र मनोहर रमणिय श्री सूर्मा देवीमाताको पावन क्षेत्रमा यो सूर्मा गाउँपालिका रहेको छ । यस सुर्मा गाउँपालिकालाई प्रशासनिक रुपमा ५ वडामा विभाजन गरिएको छ । यस गाउँपालिकाको कुल क्षेत्रफल २७०.८० वर्ग किलोमिटरमा फैलिएको छ । पालिकाको जम्मा कुल घरधुरी संख्या १६०१ र जनसंख्या ११४५१ रहेकोमा महिला ५,९५९ र पुरुष ५,४९२ रहेका छन । पर्वतारोहण, मनोरम दृश्यावलोकन, पर्यटकिय क्षेत्र अवलोकन भ्रमण र जडिबुडी संकलनका दृष्टिकोणबाट महत्वपूर्ण सम्भावना बोकेको चाँदेशिखर हिमाल, जलजला, पाटन जस्ता अति रमणीय ठाउँहरु रहेका छन ।

**अध्यक्ष महोदय,**

**अव म यस सूर्मा गाउँपालिकाको चालु आ.व. २०७९/०८० को नीति तथा कार्यक्रमको समिक्षा गर्ने अनुमति चाहन्छु ।**

चालु आ.व.२०७९।०८० मा वित्तिय समानिकरण अनुदान (नेपाल सरकार र प्रदेश सरकार) मार्फत ७ करोड २४ लाख ८६ हजार ५ सय रुपैयाँ, नेपाल सरकारबाट प्राप्त राजश्व बाँडफाडबाट रु. ४ करोड ९८ लाख ३८ हजार ७६ रुपैयाँ , आन्तरिक राजश्व अनुमानित रु. ६ लाख २१ हजार ९ सय २० रुपैयाँ र शसर्त अनुदान (शिक्षा, स्वास्थ्य, कृर्षि र भेटनरी) तर्फ १ करोड १५ लाख १२ हजार २ सय ३३ रुपैया रहेको थियो ।

❖ यस सूर्मा गाउँपालिकाका वासिन्दाहरुको मुख्य पेशा कृषि नै भएको कारण कृषिको विकास विना गाउँको विकास सम्भव नभएको हुँदा कृषि क्षेत्रमा बढी महत्व दिई

खाद्यान्न उत्पादन, व्यवसायिक कृषि तथा खेती अन्तर्गत एक घर एक करेशा वारी, व्यवशायिक तरकारी खेती अन्तर्गत एक घर एक करेसावारी सन्चालन गरी स्याउ दाँते ओखर, कागतीका बोट वितरण गरिएको, उन्नत तरकारीको बीउ वेर्ना वितरण गरिएको, मौसमी वेमौसमी तरकारी खेती गर्न सिल्पोलिन प्लाष्टिक वितरण गरी घर बनाएको,कृषकको क्षमता अभिबृद्धि र ज्ञान बढाउन विभिन्न किसिमका कृषि सम्बन्धी तालिम सञ्चालन गरिएको, ५० प्रतिशत अनुदानमा २० वटा हाते ट्याक्टर तथा उन्नत आलुको हिउँदे वर्षे वीउ वितरण गरी कृषकको क्षमता अभिबृद्धि गरिएको र बहुक्षेत्रीय पोषण कार्यक्रम अर्न्तगत महिला हजार दिनका महिला लाई किवीका वोट वितरण गरिएको छ । साथै साना सिंचाई पोखरी निर्माण गरी व्यवशायिक रुपमा मौसमी,वेमौसमी तरकारी खेती गरी कृषकलाई तरकारी खेतीमा आत्मनिर्भर गराउन सूर्मा गा.पा. कृषि विकास शाखाले अपेक्षा राखेको थियो ।

- पशु सेवा अर्न्तगत पशुको नश्ल सूधार कार्यक्रम संचालनको लागि बोका खरिद गरी वितरण गरिएको, कृषकलाई कुखुराको चल्ला वितरण, कुखुराको खोर निर्माण तथा तालिम संचालन, उन्नत नश्ल सुधारको लागि कृत्रिम गर्भाधान सुचारु गर्न आवश्यक पर्ने तरल नाईट्रोजन भण्डार तथा वितरण गरिएको, पशु पक्षिमा रोग लागेमा औषधी वितरण आदि कार्यक्रम संचालन गरिएको छ ।
- चालु आ.वं. ०७९।०८० मा राष्ट्रिय विधुत लाइन प्रसारण सुर्मा १,२ र ३, पाराचौडिक खानेपानी निर्माण सुर्मा ३, सैनगाउँ जलजला सडक निर्माण सुर्मा ४ र ५, सुर्मा सरोवर पदमार्ग निर्माण सुर्मा ४, खोचा झोलुङ्गे पुल निर्माणको स्टिल पाट्स को ठेक्का स्वीकृत भै निर्माण कार्य संचालन भैरहेको छ ।
- शिक्षा क्षेत्रमा विकासका लागि विद्यालय क्षेत्र विकास कार्यक्रम अर्न्तगत विद्यालयको मर्मत सूधार अर्न्तगत धौलदेउ आधारभुत विद्यालयको भवन निर्माण कार्यमा मा.वि. मा घेरवार निर्माण कार्यक्रम, सामुदायिक सिकाई केन्दको व्यवस्थापन, विद्यालय व्यवस्थापन क्षमता अभिबृद्धि कार्यक्रम, विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम योजना संचालन गरी खेलकुद विकासमा जोड दिईएको छ ।
- स्वास्थ्य विकास तर्फ यस आ.व. ०७९/०८० मा परिवार नियोजन सम्बन्धी कार्यक्रमहरु संचालन गरिएको, कुपोषण न्युनीकरण गर्न कार्यक्रम संन्चालन भएको, सुरक्षित मातृत्व सम्बन्धी गतिविधी संचालन गरिएको, राष्ट्रिय दादुरा रुवेला खोप कार्यक्रम र नियमित खोप कार्यक्रमलाई प्रभावकारी ढंगले अगाडी बढाई खोप केन्द्र विस्तार गरी पूर्ण खोपको सुनिश्चता गरिएको, स्वास्थ्य जाँच र उपचारका लागि अस्पताल ल्याउन लैजान ~~सुर्मा~~ स्वास्थ्य चौकिको नाममा एम्वुलेन्स खरिदको लागि सम्झौता गरिएको । बहुक्षेत्रीय पोषण कार्यक्रम अर्न्तगत सुर्मा गाउँपालिका वडा नं. २ मा आयआर्जनका लागि धौलदेउ आमा समुहका २५ जना सदस्यहरुलाई वाखा खरिदका लागि ६,००,०००। वितरण गरियो । गुणस्तरीय स्वास्थ्य शिक्षा सम्वन्धि विभिन्न जन–चेतना मुलक कार्यक्रम संचालन गरिएको छ । उपचारात्मक सेवालाई प्रभावकारी बनाउन औषधी

छडक बहादुर बोहरा
गाउँपालिका अध्यक्ष

उपकरण खरिद गरी स्वास्थ्य संस्था मार्फत निःशुल्क वितरण गरिएको, प्रतिरोधात्मक र प्रर्बद्धनात्मक क्रियाकलाप संचालन गरिएको ।

❖ शुद्ध खानेपानी सबैको जिन्दागानी भन्ने नारालाई सफल पार्न सम्पूर्ण वडा वस्तीमा नयाँ तथा क्रमागत खानेपानी निर्माण मर्मत कार्य यस आ.व. मा सम्पन्न भैसकेका छन् ।

**अध्यक्ष महोदय,**

**अव म आगामी आ.व. २०८०।०८१ को नीति तथा कार्यक्रम पेश गर्न गैरहेको छु ।**

- आर्थिक रुपले अति विपन्न श्रमिक तथा ज्यालादारी गरी खाने मजदुरलाई श्रममूलक

प्रविधिको प्रयोग गरी कार्यान्वयन गरिने आयोजना छनौटमा प्राथमिकता दिईनेछ ।

- अशक्त, असहाय एवं आर्थिक रुपले विपन्न गर्भवती महिला,जेष्ठ नागरिक एवं अपाङ्ग भएका व्यक्तिहरुलाई राहतको कार्यक्रममा जोड दिईनेछ ।

**❖ कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम**

- रैथाने वालीहरुको विउ संरक्षण, खेती विस्तार र वजारीकरणको लागि विशेष प्रवन्ध मिलाइने छ ।
- उच्च मुल्यका फलफुल, तरकारी तथा अन्न वालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी उक्त स्थानहरुमा व्यवसायिक कृषि कार्यक्रम संञ्चालन गरिने छ ।
- कृषि उपजको आयत प्रतिस्थापनको नीति ल्याई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायिककरण गरिनेछ ।
- गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत, वर्गिकृत एव विस्तृत तथ्याङ्क आधार निर्माण गरिने छ ।
- उत्पादन लागत, थोक तथा खुद्रा मुल्य विश्लेषण गर्दै विचौलियाबाट उत्पादक माथि हुने ठगी तथा शोषण नियन्त्रणका लागि मुख्य कृषि उपजको गाउँपालिका भित्रका समर्थक मुल्य निर्धारण गरिनेछ ।
- व्यवसायिक कृषि पकेट क्षेत्रमा सिचाई, कृषि सडक, विद्युतीकरण कृषि वजार, सँकलन केन्द्र तथा गोदाम घरहरुको पुर्वाधार निर्माण गरिनेछ ।
- तरकारी उत्पादनको लागि व्यवसायिक, करेशावारी खेतीको लागि तालिम, प्रविधि र लगानीको व्यवस्था सहितको नमुना कार्यक्रम संञ्चालन गरी प्रोत्साहन गरिनेछ ।

खडक बहादुर बोहरा
गाउँपालिका अध्यक्ष

सुर्मा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दौलिचौर, बझाङ

- कृषि उपज तथा कृषिजन्य उत्पादनमा आत्म निर्भरताका लागि उद्यमशिलताको प्रवर्धन गर्न उन्नत विउ वीजन, यान्त्रिक उपकरण, किटनाशक विषादीको उपलब्धता गरिनेछ ।
- यस क्षेत्रमा प्राकृतिक रेशादार अल्लो, भाँगो, रामबाँस,सिस्नो प्रशोधन आदीबाट व्यवसायिक धागो उत्पादनमा जोड दिईनेछ ।
- परम्परागत रुपमा गरिने रैथाने वाली चिनो,कागिनो,फापर,जौं, कोदो जस्ता खेतीको-विस्तारमा जोड दिईनेछ ।
- पशुपालक कृषकहरुलाई हिउँदे तथा वर्षे घाँस लगाउन उत्प्रेरित गरी दुग्ध र मासु जन्य उत्पादनमा जोड दिईनेछ ।
- संस्थागत रुपमा समूह गठन गरी कुखुरापालन, माछापालन, उन्नतजातका बाखापालन गर्नमा जोड दिईनेछ र पशु विमा कार्यक्रम संचालन गरिनेछ ।
- सम्पूर्ण वडाहरुमा मौसम अनुसारका पकेट क्षेत्र घोषणा गरी अन्नवाली, दलहनवाली, फलफुल खेती तथा तरकारी संन्चालनमा ल्याईनेछ ।
- "**एक वडा एक कृषि उत्पादनको**" कार्यक्रम ल्याईनेछ ।
- पशु स्वास्थ्य सेवामा आईपर्ने सम्पूर्ण समस्याको समाधानको लागि पशु स्वास्थ्य सेवा तथा उपचारको व्यवस्था गरिनेछ ।
- आधारभुत बाखापालन कृषक समूहहरुलाई आधुनिक तरिकाको खोर निर्माण सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।
- कृत्रिम गर्भाधान तालिम लिई यस सूर्मा गाउँपालिकाका सम्पूर्ण कृषकहरुलाई गाई भैंसीमा कृत्रिम गर्भाधान सेवा उपलब्ध गराईनेछ ।

### ❖ स्वास्थ्य सम्वन्धी नीति तथा कार्यक्रम

- सबै नागरिकलाई आधारभुत स्वास्थ्य सेवाको पहुँचमा बृद्धि गरी नेपाल सरकारले तोकीएको बमोजिम निशुल्क स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ ।
- स्वास्थ्यमा सर्वव्यापी पहुँचको अवधारणा अनुरुप प्रर्वधनात्मक, निरोधात्मक र उपचारात्मक स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरिय बनाउन उचित नीति लिईने छ ।
- स्वास्थ्य सेवालाई सर्वसुलभ प्रभावकारी तथा गुणस्तरिय बनाउन स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य केन्द्र/वर्थिंग सेन्टरको सेवा विस्तार र स्तरोन्ति गरिनेछ ।
- गुणस्तरिय औषधि, उपकरण स्वास्थ्य शिक्षा सामाग्रीको उचित आपूर्ति तथा भण्डारणको व्यवस्था, वितरण एवं समुचित प्रयोग सुनिश्चित गरिनेछ ।

खड्क बहादुर बोहरा
गाउँपालिका अध्यक्ष

- स्वास्थ्य सेवा प्रभावकारी, गुणस्तरिय सेवा प्रवाहका लागि आवश्यक जनशक्ति थप गर्ने र कर्मचारीको क्षमता बृद्धि विकासका लागि विभिन्न तालिमको आयोजना गरिनेछ ।
- सर्ने नसर्ने रोग, किटजन्य रोग, पशुपंक्षी जन्य रोग, वातावरण प्रदुषण, जलवायु परिवर्तन हुने कारक तत्वलाई न्यूनिकरण गर्न उचित उपायहरु अवलम्बन गरिनेछ ।
- पोषणको अवस्थालाई सुधार गर्न मिसावट युक्त तयारी खाना तथा हानिकारक खानालाई निरुत्साहित गर्दै गुणस्तरिय एवं स्वास्थ्य वर्दक खाद्यपदार्थको प्रवर्धन उत्पादन, प्रयोग र पहुँचलाई विस्तार गरिनेछ ।
- खाद्यपदार्थको गुणस्तर अनुगमन तथा नियमन गर्न पदीय संरचना बनाई अनुगमन तथा सुपरीवेक्षण गर्ने व्यवस्था गरिनेछ ।
- महामारी तथा प्रकोपजन्य रोग व्यवस्थापन सम्बन्धी आवश्यक कोषको स्थापना गरिनेछ ।
- पूर्ण सरसफाईको अवधारणा अनुसार "**एक घर एक चर्पि, एक घर एक च्यांङ जुठ्यानको**" निरन्तरता दिइने छ ।
- धुम्रपान तथा मद्यपान जन्य पदार्थ ओसार–पसार, उत्पादनमा रोक लगाई त्यसको प्रयोगमा न्यूनिकरण गर्दै निषेधको नीति अवलम्बन गरिनेछ ।
- गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच बृद्धिका लागि विषेशज्ञ स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- जनसंख्या नियन्त्रण र जन्मान्तर गर्नाका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- महिला स्वयम सेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनिहरुको सेवा लाई प्रभावकारी वनाइने छ ।
- स्वास्थ्य आमा समूहको क्षमता अभिबृद्धि तथा सुदुढीकरण गरिनेछ ।
- बहुक्षेत्रीय पोषण योजनालाई एकिकृत रुपमा प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- जेष्ठ नागरिक, असहाय, अपाङ्गको उपचारमा सहज पुर्याउन घरदैलोमा धुम्ती स्वास्थ्य शिविर संचालन गरिनेछ । (स्वास्थ्य विमा कोई) व्यवस्था गरी

* सम्पूर्ण नागरिकहरुलाई स्वास्थ्य विमा लाई नियमित कार्यान्वयनमा ल्याई स्वास्थ्य विमा कार्यक्रमलाई व्यवस्थापन गरिनेछ।

- सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाईने छ।

* सुर्मा गाउँपालिकालाई क्षयरोग मुक्त अभियान कार्यक्रम संचालन गरी क्षयरोग मुक्त पालिका गरिनेछ।

- सुर्मा गाउँपालिकाका क्षेत्र भित्र हुने परम्परागत औषधी जन्य वनस्पतिको संरक्षण खेती प्रवर्धन र प्रसोधनका कार्य संञ्चालन गरिनेछ ।

* विपद व्यवस्थापन र न्यूनिकरण गरी विपद व्यवस्थापनका लागी आवश्यक योजना तथा उपकरण उपलब्ध गरीएको हुनेछ।

- सुरक्षित मातृत्व सेवा (SBA) प्रभावकारी बनाउन तालिममा लगानी गरी दक्ष स्वास्थ्यकर्मी उत्पादन गरिनेछ ।

- बहु क्षेत्रिय पोषण सुधारका लागि लक्षित वर्ग छनौट गरी पोषण कार्यक्रम संञ्चालन गर्नका लागि पालिकाले समेत वजेट विनियोजन गर्ने पहल गरिने छ ।

- प्रत्येक स्वास्थ्य संस्थाहरुमा इन्टरनेट र ल्यापटपको व्यवस्था गरी स्वास्थ्य संस्थाहरुलाई सुचना प्रविधी मैत्री वनाइने छ ।

- मेडिक मोवाईल कार्यक्रम अर्न्तगत महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई आवश्यक तालिम सञ्चालनका साथै प्रत्येक महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई मोवाईल वितरण गरी मातृ तथा नवशिशु कार्यक्रमलाई प्रभावकारी वनाईने छ ।

### ❖ शिक्षा, यूवा तथा खेलकुद

- जीवन उपयोगी आधुनिक व्यवशायिक प्रविधीयुक्त शिक्षामा जोड दिई सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गरिनेछ ।
- सामुदायिक विद्यालयका शिक्षकलाई पेशा प्रति जिम्मेवारी वनाई गुण र दोषको आधारमा दण्ड र प्रोत्साहन गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र रहेका विद्यालयहरुमा विद्यार्थी अनुपातका आधारमा दरवन्दी मिलान गरी शिक्षकहरुको व्यवस्थापनलाई प्राथमिकता दिईनेछ ।
- प्रत्येक विद्यालयमा खानेपानी, शौचालय, भवन जस्ता पुर्वाधारको व्यवस्था मिलाईनेछ ।
- गाउँपालिका भरीका सामुदायिक विद्यालयहरुलाई शिक्षाको गुणस्तर मूल्याङ्कन गरी उत्कृष्ट विद्यालय र एस ई ई मा समावेश भएका उत्कृष्ठ एक छात्र र एक छात्रालाई पुरस्कारको व्यवस्था गरिनेछ ।
- सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुलाई स्यानेटरी प्याड वितरण गरिनेछ ।
- गाउँपालिका भरीका निजी तथा करारमा कार्यरत शिक्षक शिक्षिकाहरुको पारिश्रमिकमा एक रुपता ल्याई अध्यापन अनुमती प्रमाण पत्रको अनिवार्यता गरिनेछ ।
- गाउ शिक्षा योजना र शैक्षिक कार्य पात्रो निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ ।
- शिक्षा क्षेत्रका विद्यमान अवस्थामा देखिएको शैक्षिक गुणस्तरको विश्लेषण गरी विद्यालयको वर्गिकरण गरिनेछ ।
- वि.व्य.स., शि.अ.स.र अन्य सरोकारवालाहरुको क्षमता अभिबृद्धि गरी सुशासन र पारदर्शिता कायम गरिनेछ ।

खडक बहादुर बोहरा
गाउँपालिका अध्यक्ष

- विचैमा विद्यालय छाड्ने प्रवृतिलाई निरुत्साहित गर्न जनचेतनामुलक कार्यक्रम सँञ्चालनमा ल्याईने छ र विचैमा विद्यालय छाड्ने वालवालिकालाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिने छ।
- विद्यालयमा ICT को प्रयोगमा अभिवृद्धि गर्न बाँकि रहेका विद्यालयमा **एक विद्यालय एक ल्यापट** कार्यक्रम संन्चालन गरिनेछ।
- एक वडाबाट उपयुक्त स्थान, पँहुच र पुर्वाधार आदीका आधारमा एउटा विद्यालय छनौट गरी **एक वडा एक नमूना विद्यालय** कार्यक्रम लागु गरिनेछ।
- प्रौढ कक्षा वैकल्पीक शिक्षा र साक्षर कक्षा संचालनका लागि विभिन्न संघ संस्थासँग सहकार्य गरिनेछ।
- **"स्वास्थ्यका लागि खेलकुद र राष्ट्रका लागि खेलकुद"** भन्ने नारालाई आत्मसात गरी खेलकुद क्षेत्रको विकासका लागि उचित पहल गरिनेछ। साथै यसै आ.व. २०८०।०८१ मा गाउँपालिका स्तरीय अध्यक्ष कपको आयोजना गरिनेछ।
- खेलकुद विकासलाई अभिवृद्धि गर्न पालिका क्षेत्र भित्र बहु–उदेश्यीय खेलकुद मैदानको निर्माण कार्यमा जोड दिई खेलकुदमा हुने लैगिंक विभेदलाई अन्त्य गरिनेछ।
- गाउँपालिकामा सामुदायिक सिकाई केन्दलाई थप क्रियाशिल बनाईनेछ।
- शैक्षिक क्षेत्रमा देखिएका समस्याको समाधानका लागि अध्यक्ष सँग विधार्थी कार्यक्रम संञ्चालनमा ल्याइनेछ।
- यूवावर्गलाई स्वरोजगार बनाउन नमूनाका रुपमा शिपमुलक तालिमको सुरुवात गरिनेछ।
- लागु औषध, दुर्व्यसन तथा कुलतबाट यूवाहरुलाई जोगाउन संन्देश मुलक एवं सचेतना मुलक कार्यक्रम संचालन गरी यूवाहरुमा सकारात्मक सोच र संस्कृतिको विकास गरिनेछ।
- गरिव तथा जेहेन्दार छात्र/छात्रा हरुलाई प्राविधिक शिक्षा व्यवस्था गर्न बृष सिह स्मृती प्राविधिक शिक्षालय सँग समन्वय गरी आ.व. २०८०/०८१ मा १/१ छात्रा/छात्र छात्र बृतिको व्यवस्था गरिने छ।
- आवश्यकता र वास्तविक जीवन सँग जोड्ने र काम सिकाउने जीवनपयोगी सिपमा आधारित शैक्षिक पाठ्यक्रमको विकास गरि एक विद्यालयबाट नमुनाको रुपमा शुरुवात गर्ने र क्रमस सवै विद्यालयमा सो अनुसारको पठनपाठनको व्यवस्था मिलाइने छ।
- विद्यालयहरुको भौत्तिक पुर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको व्यवसायिक क्षमता विकासको लागि लगानी गरिने छ।
- विद्यालयहरुको भौत्तिक पुर्वाधार निर्माण गर्दा वालमैत्री तथा अपाङ्ग मैत्री संरचना निर्माण गरिनेछ।

छडक बहादुर बोहरा
गाउँपालिका अध्यक्ष

- नेपाल सरकार र विश्व खाद्य कार्यक्रमबाट संञ्चालित पोषण कार्यक्रम, प्रारम्भिक तह पढाई कार्यक्रम, स्थानिय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रमलाई प्रभावकारी रुपमा संञ्चालन गरिने छ ।
- विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न अभिभावक वैठक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक घुम्ती वैठक, विद्यालय पढाईमेला, पालिका स्तरीय पढाई मेला, विद्यालय पढाई कुना जस्ता कार्यक्रम वनाई लागु गरिने छ ।
- युवा उद्धमशिलता विकासका कार्यक्रमहरु मार्फत "युवालाई विदेश हैन विजनेश" भन्ने भावना जागरुक तुल्याई स्वरोजगार उन्मुख गराईने छ ।
- युवा वेरोजगारी न्युनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजि क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्धमशिल क्षमता विकासका कार्यक्रमहरु संञ्चालन गरिने छ ।
- विपन्न, गरिव र सुकुमबासी परिवारका युवाहरुलाई ईलेक्टोनिक सामाग्री मर्मत, पलमविङ्ग तथा ईलोक्टोनिकसियन, ब्युट्रीपालर जस्ता सीप विकासमा जोड दिइने छ ।
- लैङ्गिक विभेद अन्त गर्दै लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यन्वयन गरिने छ ।
- "हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान" अभियान संञ्चालन गरी सवै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति ल्याईनेछ । पारिवारिक हिंसाद्धारा पिडितको संरक्षणका कार्यक्रम सञ्चान गरिनेछ ।

## ❖वन वातावरण जल वायुपरिवर्तन तथा विपद ब्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

- खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाब्य स्रोतहरुको खोजी तथा योजना तंयार गरी खानेपानीको निर्माण तथा वितरणको ब्यवस्था मिलाइने छ ।
- जलधार संरक्षण कार्यक्रम संञ्चालन गरी गाउँपालिका भित्र रहेका भुमिगत पानीका मुहानहरु जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्धन गर्ने गरी स्रोतहरुवाट खानेपानी आपुर्तिको प्रवर्धन मिलाइने छ ।
- गाउँपालिकाको मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजी गरी सार्वजनिक शौचालयहरु निर्माण तथा सञ्चालनलाई अभियानका रुपमा अगाडी बढाइनेछ ।
- गाउँपालिका भरी ५ वटै वडाहरुमा "**एक घर एक धाराको**" व्यवस्था मिलाईनेछ ।
- गाउँपालिका भरीका खानेपानीका मुहानलाई शुद्धिकरण जाँच गरी शुद्ध पानी पिउने बानीको विकास गर्नका साथै **"सूर्मा गाउँपालिकाको सान, स्वच्छ खानपान"** भन्ने नारालाई आत्मसात गरिनेछ ।

खड्क बहादुर बोहरा
गाउँपालिका अध्यक्ष

- प्राकृतिक प्रकोप तथा विपद् जोखिम न्यूनीकरण गर्न जनचेतना मुलक कार्यक्रम संचालन तथा प्रत्येक वडामा राहत उद्धार समिति गठन गरी संचालनमा ल्याईनेछ ।
- पुर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्युनिकरणको लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) र वातावरणीय प्रभाव मुल्याङ्कन (EIA) अध्यन गरिने छ ।
- खाली जमिनमा बृक्षारोपण, हरियाली प्रवर्धन तथा वनको संरक्षण र हैसियतमा सुधारगरी जल, जमिन तथा वातावरणको संरक्षण र जिवोकोपार्जनको अवसरमा वृद्धि गरिने छ
- भु सुचना प्रणालीको प्रयोग उच्च जोखिम युक्त क्षेत्रको नक्सांकन, जोखिमको विश्लेषण तथा जोखिम न्युनिकरण योजना तयार गरिने छ ।
- विपद जोखिम न्युनिकरण र व्यवस्थापन तथा जलवायु उत्थानशिल योजना तर्जुमा गरि सो अनुसार विपद पुर्व तयारी, विपद न्युनिकरण, प्रतिकार्यलाई व्यवस्थित र प्रभावकारी वनाइने छ ।
- ढुङ्गा, गिट्टी, वालुवा जस्ता नदि जन्य पदार्थ र अन्य प्राकृतिक स्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिने छ ।
- भुकम्पीय जोखिम न्युनिकरणको लागि भुकम्प प्रतिरोधी भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइने छ ।
- विपद जोखिम व्यवस्थापन कोषमा रकम अभिबृद्धि गर्दै प्रभावकारी स्रोत परिचालन गरिने छ ।
- सामुदायिक वनको लगत तयारी, कार्ययोजना तर्जुमा र स्वीकृत गरि लागु गरिनेछ ।
- वन पैदावर ब्यवस्थापनमा जोड दिइने छ ।
- जैविक विविधता संरक्षणमा जोड दिइने छ ।
- भु तथा जलनधार संरक्षण गरिनें छ ।
- फोहोरमैला ब्यवस्थापनमा विषेश जोड दिइनेछ ।
- वृक्षा रोपण क्षेत्रको पहिचान गरि उपभोक्ता तथा सरोकार निकाय सँग समन्वय गरि बृक्षारोपण गरिने छ ।
- जलवायु परिवर्तन अनुकुलन योजना निर्माण गरिने छ ।
- वनजंगलकाको संरक्षण गर्न **"हरियो वन सूर्मा गाउँपालिकाको धन"** भन्ने नारालाई आत्मसात गर्न गाउँपालिका भरीका सम्पूण सामुदायिकवनको संरक्षण गर्न वन उपभोक्ता समितिका पदाधिकारीलाई तालिमको व्यवस्था गरिनेछ ।
- वन संरक्षण सबैको सहभागिता जुटाई बढ्दो वन विनाशलाई नियन्त्रण गरिनेछ ।

खड्क बहादुर बोहरा
गाउँपालिका अध्यक्ष

## ❖सुशासन तथा संस्थागत विकास

- कानुन निर्माण पुनरालोकनमा विषेश जोड दिइनेछ ।
- संस्थागत स्वमुल्याङ्कन गरिनेछ ।
- घुम्ती सेवाहरु संञ्चालनमा ल्याईने छ ।
- सदाचार प्रवर्धन र भ्रष्टचार नियन्त्रणमा विषेश पहल गरिनेछ ।
- पारदर्शिता र जवादेहितामा अभिवृद्धि गरि जिम्मेवार वनाईने छ ।
- संगठन तथा व्यवस्थापन अध्यनमा विषेश जोड दिइने छ ।
- सुचना संञ्चालिकरण गरिनेछ ।
- क्षमता विकासमा विषेश जोड दिइनेछ ।
- संघीय सरकार, प्रदेश सरकार सँग सहकार्यमा सम्पादन गरिनेछ ।
- ऐन, नियम कार्यविधि र मापदण्डहरु निर्माण गरि स्थानिय राजपत्रमा प्रकासन गरि कार्यन्वयन गरिने छ ।

## ❖सामाजिक विकास सम्वन्धि नीति

- गाउँपालिका तथा अन्तर विधालय स्तरीय खेलकुद कार्यक्रममा विषेश जोड दिइनेछ ।
- खानेपानी तथा सरसफाई वितरणमा निर्माण भएका संरचनाहरुको मर्मत सम्भार कोष खडा गरी वितरण व्यवस्थामा सृद्धिकरण गरिने छ ।
- महिला शशक्तिकरण कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- आयआर्जन तथा रोजगारी मुलक कार्यक्रम संञ्चालनमा ल्याइने छ ।
- वाल विवाह र बहुविवाह रोक विषेश कार्यक्रम ल्याइने छ ।

### ❖ भौत्तिक पुर्वाधार विकास

- प्राविधिक सम्वन्धी सफ्टवेयर खरिद गरी तत् सम्वन्धी तालीम आयोजना गरि कर्मचारीको क्षमता अभिवृद्धि गरिनेछ ।
- ईन्जिनियरीङ्ग सेवाका लागि आधुनिक उपकरण खरिद गरिनेछ ।
- गाउँपालिका भित्र संचालन हुने करिव ५० लाख माथिका योजनाहरुको डि.पि.आर. पश्चात कार्यान्वयन गरिनेछ ।
- उपभोक्ता समितिको क्षमता अभिवृद्धि गरी योजना निर्माण मर्मत सम्भार गुणस्तरीय बनाउन पहल कदमी लिईनेछ ।
- आवधिक योजना, आवास योजना र वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- पुर्वाधार निर्माणका आयोजनाहरु संञ्चालन गर्दा लागत लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको

खडक बहादुर बोहरा
गाउँपालिका अध्यक्ष

रुपमा रहने, पिछडिएका र कमजोर वर्गसँग सित क्षेत्रलाई मुल मुल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरि आयोजना वैक तयार गरिनेछ। सो वैकमा समाविष्ट आयोजनाहरुमा मात्र वजेट विनियोजन गर्ने निति लिइनेछ।

- दिर्घकालिन लगानी मार्ग दर्शकका लागि गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।
- गाउँपालिकाले भुउपयोग क्षेत्र निर्धारण गरी वस्ति विकास योजना सहित भौतिक विकास गरुयोजना तयार गरी वस्ति विकास योजना सहित भौतिक विकास निर्माण कार्य व्यवस्थित र गुणस्तरीय रुपमा संञ्चालन गरिनेछ।
- आवासको हकलाई सुनिश्चित गर्न सुरक्षित तथा रोजगरीको समेत व्यवस्था हुन सक्ने स्थानमा जग्गा प्राप्त गरी सहुलियत आवास योजना कार्यान्वयन गरिने छ। यसका लागि निजि क्षेत्र सँग साझेदारी समेत गर्न सकिने छ।
- एकिकृत शहरी तथा वस्ति विकास योजना द्धारा निर्दिष्ठ गरेका पुर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदार हरुसँगको सहकार्यलाई निरन्तरता दिइने।
- गाउँपालिकाको विकासमा रुपान्तरण गरी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।
- विगत देखिका निर्माणधिन तथा अधुरा आयोजनाहरु सम्पन्न गर्न क्रमागत रुपमा वजेट विनियोजन गरिने छ।
- एकिकृत शहरी विकास योजना तर्जुमा गरी अब्यवस्थित वसोवासलाई ब्यवस्थित तुल्याउन एकिकृत वस्ति विकास आयोजना संञ्चालन गरिनेछ।
- नेपाल राष्ट्रिय भवन सहिता २०६०, वस्ति विकास, शहरी आयोजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भुउपयोग निति, भवन योजना तथा मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक एवं स्थानिय भुमि ब्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरि सुरक्षित एवं ब्यवस्थित निर्माण गर्ने नितिलाई निरन्तरता दिईनेछ।
- भवन निर्माण अनुमति प्रक्रियालाई प्रविधिमा आधारित तुल्याई सहजीकरण गरिनेछ।
- गाउँपालिका भित्र भुउपयोग निति लागु गर्दै जाने निति ल्याइनेछ।
- गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरि सडक मापदण्डको समस्यालाई समन्वय गरि समाधान गरिने छ।
- गाउँपालिको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत संम्भार कार्य सम्पन्न गरिनेछ।

खडक बहादुर बोहरा
गाउँपालिका अध्यक्ष

- गाउँपालिकाको सिमा क्षेत्र एकिन गरि गाउँपालिका सिमानामा कलात्मक तथा गाउँपालिका ऐतिहासिक मौलिकता झल्कने गरी स्वागतद्धारहरुको निर्माण गरिने छ ।
- निर्माण भएका योजानाहरुबाट १ प्रतिशत मर्मत संम्भार कोष खडागरी योजनाहरुको मर्मत संम्भार गरिनेछ ।
- यातायात गुरुयोजना अध्यावधिक गरि कार्यान्वयन गरिने छ ।
- सडक मापदण्ड तथा नीति नियम निर्माण गरी लागु गरिने छ ।
- स साना काठे पुल तथा कल्भर्टहरु निर्माण गरि यातायात तथा हिडडुलमा सहज गरिने छ ।
- सडक गोरेटो बाटो पदमार्गहरुको मर्मत तथा स्तरोन्नती गरिने छ ।
- सर्वेक्षण कार्यहरु गरि डि.पि.आर. तयार गरिनेछ ।
- आवश्यकता अनुसार वैकल्पिक पदमार्गहरु निर्माण गरिने छन ।
- उपभोक्ता तथा सरोकार निकाय सँग सहकार्य र समन्वय गरि योजनाहरु निर्माण गरिने छ ।
- भवनहरुको नमुना डिजाइन निर्माण गरि कार्यान्वयनमा ल्याईने छ ।
- स्थानिय तहमा भएका डकर्मी र सिकर्मी हरुलाई तालिमको व्यवस्थापन गरिने छ ।
- सार्वजनिक जग्गा र भवनहरुको लगत संकलन र अभिलेख व्यवस्थापन गरिने छ ।
- ढल निकास र फोहोरो व्यवस्थापन गरिने छ ।
- खेतीयोग्य जमिनको पहिचान गरी उत्पादन बढाउनका लागि सतह सिंचाई कुलो, सिंचाई पोखरी निर्माण गरिनेछ ।
- नदि नियन्त्रण, पहिरो नियन्त्रण तथा व्यवस्थापनमा जोड दिइने छ ।
- राष्ट्रिय विधुत प्रसारण लाइन विस्तार गरि यस गाउँपालिकालाई अध्याँरो मुक्त बनाउन आवश्यक वजेटको व्यवस्था गरिनेछ ।
- थप टेलिफोन टावरका लागि पहल गरिनेछ ।

### ❖ उद्योग तथा संस्कृति पर्यटन

- गाउँपालिका भित्रका पर्यटकिय तथा धार्मिक स्थलहरु सूर्मा सरोवर, सूर्मा मन्दिर, दहताल, सूर्मा देवी मन्दिर घोगाडा तथा सम्भाव्य सम्पूर्ण पर्यटकिय क्षेत्रहरुको संरक्षण संवद्धन गरी प्रचार प्रसार गरिनेछ ।
- ऐतिहासिक पर्व विरीजात,भुवाँ भस्वो आदीको सँस्कृतिलाई जगेर्ना गर्न त्यसको प्रसार प्रचारमा जोड दिईनेछ ।
- पर्यटकिय तथा धार्मिक क्षेत्रको पहिचानको लागि ठाउँ ठाउँमा होडिङ्ग वोर्डको व्यवस्था गरिनेछ ।

छक्क बहादुर बोहरा
गाउँपालिका अध्यक्ष

सुर्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

- मनडोगडी-घोगाडा सुर्मा देवी मन्दिर [illegible] थकुन्नाडा सुर्मा मन्दिर सम्म पर्यटकिय पदमार्ग निर्माण गरिने छ ।
- उद्योग व्यवसाय दर्ता, नविकरण, स्तान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रक्रियालाई सुचना प्रविधिको प्रयोग गरि सरलीकरण र प्रभावकारी बनाईने छ ।
- लगानीमैत्री निति तथा औद्योगिक पुर्वाधार सुदृकरण गर्दै उद्योग तथा पर्यटन विकासको निति लिईने छ ।
- स्थानिय स्तरमा पाइने कच्चा पदार्थ उत्पादन गरी साना तथा मझौला उद्योग ( तेल प्रसोधन, ढटेलो प्रसोधन, अल्लो प्रसोधन, भाँगो प्रसोधन) कार्यन्वयनमा विषेश जोड दिई उत्पादन स्थल सम्म सडक पुर्वाधार तथा विधुतिकरणको पहुँच पुर्याइनेछ ।
- पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोहि आधारमा पर्यटन पुर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संञ्चानल गरिने छ ।
- गाउँपालिकाका क्षेत्र भित्रका पर्यटकिय स्थलहरु जोडन पर्यटकिय सडक संञ्जाल कार्यन्वयनमा प्रारम्भ गरिने छ ।
- विभिन्न जातजातिहरुको ऐतिहासिक, सास्कृतिक, धार्मीक पहिचान अवगत गराउन पर्यटकहरुलाई होम स्टे सहित स्थानिय अर्गानिक तरकारी तथा अन्य खाद्य उत्तपादन पाहुना रुपमा राख्न घर छनौट गरिने छ ।
- पालिका भित्रका पर्यटकिय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट प्रसारण र ब्रोसरहरुको वितरण गरिने छ ।

### ❖ स्वरोजगार

- आ.व. २०८०।०८१ बाट संचालनमा आएको प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत हाम्रो यस सूर्मा गाउँपालिकामा उक्त कार्यक्रम कार्यान्वियन र संचालनको लागि रोजगार सेवा केन्द्र स्थापना भईसकेको छ । उक्त रोजगार सेवा केन्द्रबाट रोजगार व्यवस्थापन सूचना प्रणाली प्रविष्ट भएका यस गाउँपालिका भित्रका वेरोजगार व्यक्तिहरुका लागि स्थानीयमाग तथा आवश्यकतामा आधारित रोजगारका कार्यक्रमहरु अगाडी बढाईनेछ । यसका साथै यस गाउँपालिका अर्न्तगत आगामी आर्थिक वर्षमा संचालन गरिने विकास निर्माणका कार्यक्रमहरुलाई श्रम प्रधान कार्यक्रम बनाई रोजगारी सिर्जनामा जोड दिईनेछ ।

### ❖ राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण शाखा

अध्यक्ष महोदय,

अब म राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण शाखाको कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

खडक बहादुर बोहरा
गाउँपालिका अध्यक्ष

- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सुचना प्रणाली र व्यवस्थापन घटना दर्ता शुद्धिकरणका लागि राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागबाट रु. ..... लाख शशर्त अनुदान विनियोजन गरिएको छ ।
- सामाजिक सुरक्षा भत्ता सम्भव भए सम्म असक्त जेष्ठ नागरिक र अशक्त अपाङ्गहरुलाई बैंक प्रणाली मार्फत वितरणका लागि घरदैलो गर्ने प्रयास गरिनेछ ।
- प्रत्येक वडा टोल वस्तीमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धि जनचेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रकियामा नागरिकको सहज पँहुच पुर्‍याउन शतप्रतिशत घटना दर्ता गराउन सूचना प्रचार तथा पँहुच अभियान दर्ता शिवीर संचालन गरिनेछ ।

❖ **अन्य**

- दलित तथा गैर दलितका विपन्न समुदायमा परम्परागत रुपमा गरिदै आएका शिपमुलक कार्यक्रमको निरन्तरता दिन विभिन्न कार्यक्रम संचालन गरिनेछ ।
- गरीव तथा विपन्न परिवारलाई शिपमुलक कार्यक्रममा सहभागि गराईनेछ ।

**अध्यक्ष महोदय,**

अब म आगामी आ.व. २०८०/०८१ को राजश्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत विक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजश्व परिचालनलाई थप व्यवस्थित बनाइनेछ ।

- आन्तरिक आयका स्रोतहरुको सम्भाब्यता अध्यन र राजश्व वाँडफाँड, अन्तर सरकारी वित्तिय हस्तान्तरण तथा गै.स.स. को स्रोत परिचालनको लागि स्थानिय सरोकारवाला प्रदेश सरकारका र नेपाल सरकारका निकाय तथा गै.स.स र विकास साझेदारी सँग परामर्श, समन्वय र साझेदारी गरिने छ ।
- करको दर संम्भव भए सम्म न्युनतम गदै करको दायरा विस्तार गर्ने निति ल्याईने छ ।
- गाउँपालिका आन्तरिक राजश्व अभिबृद्धिका लागि करका नयाँ सम्भाब्य क्षेत्रहरु पहिचान गरिने छ ।

खडक बहादुर बोहरा
गाउँपालिका अध्यक्ष

- वडा कार्यालयहरुसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घर धनि र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणालीको विकास गरिने छ ।
- ढुङ्गा, गिट्टी, वालुवा जस्ता नदि जन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानुनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी बैकल्पिक पद्धतीको रुपमा गाउँपालिका बाट उत्दन्न गरी विक्रि गर्ने विधि अबलम्वन गरिनेछ ।
- करदाताहरुलाई आफुले तिर्नुपर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमा नै जानकारी दिन निजहरुको सेल नम्वरमा विधुतिय प्रणाली द्वारा सन्देश प्रवाहित गर्ने निति ल्याइने छ ।
- कर दाताहरुको अभिलेख ब्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने निति ल्याइने छ ।
- कर प्रशासनलाई सुचना प्रविधि मैत्री एव करदाता मैत्री तुल्याउँदै लगिने छ ।
- करदाताको कर लगतलाई ब्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा उपयोग गर्न करदातालाई कर सम्बन्धी सुचना प्रवाह गर्न डिजिटल कर प्रणाली लागु गरिनेछ ।
- राजश्व नीति तथा कार्यक्रमहरुको उदेश्यहरु निम्न वमोजिम प्रस्तुत गरेको छु ।

  (क) करको आधार र दायरालाई फराकिलो बनाउने

  (ख) सबै आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याउने

  (ग) करको संरचना र करका दरहरुमा समय सापेक्ष सुधार गर्ने

  (घ) कर छली तथा चुहावट नियन्त्रण गर्ने

  (ङ) कर प्रणालीलाई लगानी मैत्री बनाउने

  (च) एकीकृत सम्पति कर लागु गर्ने

  (छ) कर्मचारी अभाव हुन नदिई कर प्रशासनलाई प्रभावकारी बनाउने ।

**अध्यक्ष महोदय,**

- यस वजेट कार्यान्वयनबाट आर्थिक क्रियाकलाप विस्तार भै गाउँपालिकाको उच्च आर्थिक बृद्धिदर कायम हुने अपेक्षा लिएको छु ।
- यस वजेट तर्जुमा गर्न मार्ग निर्देश गर्न हुने अध्यक्ष ज्यू, प्रमूख प्रशासकीय अधिकृत ज्यू, वडाध्यक्ष ज्यूहरु, कार्यापालिकाका सदस्यहरु, गाउँसभाका सदस्यज्यूहरु र यस सूर्मा गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

खडक बहादुर बोहरा
गाउँपालिका अध्यक्ष

- यस गाउँपालिकाको विकास र संबृद्धिमा सद्भाव र सहयोग पुर्‍याउन हुने गाउँपालिका बासी, करदाता र नागरिक समाज प्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको पूर्ण सहयोगको अपेक्षा गरको छु ।

## ❖ न्याय, कानुन तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

- न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शिघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानुनहरुको प्रवन्ध मिलाईनेछ ।
- न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।
- सभावाट हाल सम्म निर्माण भएका ऐन कानुनहरुलाई संग्रहित गरी स्थानिय कानुन संग्रह प्रकासन गरिने छ ।
- मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानुन तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

खडक बहादुर बोहरा
गाउँपालिका अध्यक्ष

अनुसुची १

# आ. व. २०७९/०८० को यथार्थ र २०८०/०८१ को अनुमानित आयव्यय को विवरण

| | शिर्षक | आ.व. २०७९/०८० को यथार्थ | आ.व. २०८०/०८१ को अनुमान |
|---|---|---|---|
| | आय | | |
| क | राजश्व | | |
| | आन्तरिक राजश्व | ६ लाख २१ हजार ९ सय २० | १६ लाख ५० हजार |
| | राजश्व बाडफाड बाट प्राप्त रकम | | - |
| | नेपाल सरकारबाट प्राप्त | ४ करोड ९४ लाख २७ हजार ५ सय ४६ | ६ करोड ९७ लाख ६६ हजार १ सय |
| | प्रदेश सरकारबाट प्राप्त | ४ लाख १० हजार ५ सय ३० | ८लाख ७३ हजार |
| ख | वित्तिय समानिकरण अनुदान | | - |
| | नेपाल सरकारबाट प्राप्त | ७ करोड २० लाख १२ हजार ५ सय | ७ करोड २६ लाख |
| | प्रदेश सरकारबाट प्राप्त | ४७ लाख ४ हजार | ५६ लाख ५२ हजार |
| ग | समपुरक अनुदान | | - |
| | नेपाल सरकारबाट अपेक्षित | ८० लाख | १ करोड |
| | प्रदेश सरकारबाट अपेक्षित | ५१ लाख | ७४ लाख |
| घ | विशेष अनुदान | | - |
| | नेपाल सरकारबाट अपेक्षित | ५० लाख | - |
| | प्रदेश सरकारबाट अपेक्षित | २५ लाख | - |
| ङ | अन्य सरकारी वित्तिय हस्तान्तरण | | - |
| | शसर्त अनुदान | | - |
| | नेपाल सरकारबाट | १ करोड १५ लाख १२ हजार २ सय ३३ | ९ करोड ८१ लाख |
| | प्रदेश सरकारबाट | - | - |
| | अन्य | | - |
| अ | बहुक्षेत्रिय पोषण कार्यक्रम | | - |
| आ | सामाजिक सुरक्षा कार्यक्रम | | - |
| इ | प्रधानमन्त्री रोजगार कार्यक्रम | | - |
| ई | पञ्जिकरण शाखा | | - |
| | कुल आय | २६ करोड ५० लाख ५१ हजार ८६ | २६ करोड ६० लाख ४१ हजार १ सय |

खडक बहादुर बोहरा
गाउँपालिका अध्यक्ष